# कालिका नगरपालिका


# स्थानीय राजपत्र

**खण्ड ५, संख्याः ३६ क, २०७९ साल फागुन महिना ८ गते सोमबार**


## भाग-२

## कालिका नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**रेडक्रस ग्राम, चितवन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम कालिका नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियम सर्बसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# होम स्टे (घरबास) (घरबास) सञ्चालन तथा व्यवस्थापन नियम, २०७९

**प्रस्तावनाः** ग्रामीण क्षेत्रका स्थानीय जनसमुदायमा स्वरोजगारका अवसर सिर्जना हुने तथा आम्दानी वृद्धिको माध्यमबाट जिवनस्तरमा सुधार ल्याउने प्रकृतिका ग्रामिण पर्यटन पूर्वाधारको दिगो विकास गर्ने ग्रामीण पर्यटनको माध्यमबाट विपन्न, महिला, मधेशी, आदिवासी जनजाती र हालसम्म समेट्न नसकिएका समूहको समेत संलग्नता रहने गरी पर्यटन व्यवसायबाट प्राप्त हुने लाभलाई समुदायको पहुँचभित्र ल्याउने संरचनाको निर्माण र विकास गर्ने पर्यटन नीति २०६५ अनुसार नेपालका ग्रामिण भेगमा तथा शहरी समेत होम स्टे (घरबास)को माध्यमबाट पर्यटनको विकास, प्रर्बद्धन, व्यवस्थापन र नियमन गर्न होमस्ट कार्यविधि जारी गर्न वाञ्छनीय भएकाले,

कालिका नगर कार्यपालिकाले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को नियम ४ बमोजिम यो नियम बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "होम स्टे (घरबास) सञ्चालन तथा व्यवस्थापन नियम २०७९" रहेकोछ।

(२) यो कार्यविधि तुरून्त लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "अनुगमन समिति" भन्नाले नगरपालिकाको नगरस्तरीय योजना अनुगमन समितिलाई बुझ्नु पर्छ।

(ख) "कार्यालय" भन्नाले कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(ग) "कार्यक्रम" भन्नाले होमस्टे (घरबास) प्रवर्द्धनकालागि सञ्चालनमा रहेका/हुने कार्यक्रमलाई सम्झनु पर्छ ।

(घ) "निजी होम स्टे" भन्नाले एकल घरधनीले दर्ता गरी निजिस्तरमा सञ्चालन गरेको होमस्टेलाई सम्झनु पर्छ।

(ङ) "व्यवस्थापन समिति" भन्नाले नियम १० को उपनियम (१) बमोजिम गठन भएको होम स्टे (घरबास) सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

(च) "सामुदायिक होम स्टे" भन्नाले अलग/अलग स्वामित्व भएका घरधनीले सामुहिक रूपमा होम स्टे इकाई व्यवस्थापन गर्ने गरी दर्ता गरी सञ्चालन गरेको होम स्टे (घरबास) सम्झनु पर्छ।

(छ) "स्थानीय तह वा नगरपालिका" भन्नाले कालिका नगरपालिकालाई सम्झनु पर्छ ।

(ज) "शाखा" भन्नाले कार्यालयको वन वातावरण तथा विपद् व्यवस्थापन शाखा सम्झनु पर्छ

(झ) "होम स्टे वा घरबास" भन्नाले पर्यटकलाई आवास, खाना र अन्य सेवा प्रदान गर्ने उद्धेश्यले आफ्नै घर समुदायमा निजी वा सामूहिक रुपमा सञ्चालन गरिएको सास्कृतिक मनोरञ्जन, भोजन तथा सयन सेवा सहितको आवास सम्झनु पर्छ ।

(ञ) "होम स्टे (घरबास) इकाई" भन्नाले " नियम ८ बमोजिम दर्ता हुने होम स्टे अन्तरगत सञ्चालन हुने आवास सुविधा उपलब्ध गराउने अलग/अलग घर इकाईलाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## होमस्टे सञ्चालनका उद्धेश्य तथा क्रियाकलाप

३. **<u>होमस्टे सञ्चालनको उद्देश्यः</u>** होम स्टे (घरबास) सञ्चालनका मुख्य उद्धेश्य देहाय बमोजिमका हुनेछन्ः–

(क) पर्यटन क्षेत्रको प्रतिफल ग्रामीण समुदायमा पुऱ्याउने,

(ख) ग्रामिण क्षेत्रका जनतालाई पर्यटन सेवामा सहभागी गराउने,

(ग) ग्रामीण समुदायको आयश्रोत बृद्धि गरी जीवनस्तर सुधार गर्ने,

(घ) ग्रामिण तथा स्थानीय स्तरमा स्वरोजगार विकासको माध्यमको रुपमा उपयोग

(ङ) पर्यटकलाई ग्रामीण जनजीवन साथै संस्कृतिका वारेमा जानकारी दिने,

(च) आवास सुविधा मात्र नभई पर्यटकलाई रितिरिवाज, कला संस्कृति र रहनसहनको उत्कृष्ट अनुभव हासिल गर्ने मौका प्रदान गर्ने,

(छ) शहरी इलाकामा पर्यटकलाई सरल र सहज वातावरणमा बसोबासको व्यवस्था गर्ने ।

४. **<u>होमस्टेमा सञ्चालन गर्न सकिने पर्यटकीय क्रियाकलापः</u>** (१) होम स्टे (घरबास)ले स्थानीय क्षेत्रमा सञ्चालन हुने सांस्कृतिक कार्यक्रम र क्रियाकलाप, परम्परागत खेलमा सहभागी गराउने, उपलब्ध हुने क्षेत्रमा जंगल ट्रेक, इको ट्रेक तथा दृश्यावलोकनको कार्यक्रमको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपनियम (१) मा लेखिएदेखि बाहेक होम स्टे (घरबास)ले देहाय बमोजिमको कार्यक्रमको आयोजना गर्नु पर्नेछः–

(क) स्थानीय सांस्कृतिक नाचगान तथा फुलमालाका साथ पर्यटकको स्वागत गर्ने,

(ख) पर्यटकहरुलाई सामुदायिक भवन वा खुला ठाउमा मौलिक परम्परा वा सांस्कृतिमा आधारित सांस्कृति कार्यक्रमहरुको

प्रस्तुती मेला, जात्रा जस्ता गतिविधीहरु आयोजना गरी सहभागी गराउने ।

(ग) सांस्कृतिक सम्पदा, संग्रालय, घरेलु तथा हस्तकला सामाग्री उत्पादन केन्द्र स्थल, दृश्यावलोकन, जंगल, वन्यजन्तु तथा चरा अवलोकन गर्ने व्यवस्था गर्ने,

(घ) जातीय/सास्कृतिक परिकार तथा स्थानीयस्तरमा उपलब्ध हुने खाद्यबालीको खाद्यान्न तथा खाद्य परिकार बनाई खुवाउने, स्थानीय खाद्य परिकारको प्रवर्द्धन गर्ने,

(ङ) स्थानीय कृषि, घरेलु तथा हस्तकला प्रविधि मा सहभागी गराई पर्यटक तथा स्थानीय जनता वीच जीवनशैली, कला संस्कृति आदि विषयमा अनुभव तथा ज्ञानको आदान प्रदान गराउने,

(च) पर्यटकको विदाई गर्दा स्थानीय संस्कृति झल्कने मायाको चिनो सहित फुलमाला पहिराउने ।

## परिच्छेद-३
## होमस्टे (घरबास) दर्ता तथा नवीकरण सम्बन्धी व्यवस्था

५. **होम स्टे दर्ताः** (१) होम स्टे (घरबास) सञ्चालन गर्न चाहने घरधनी वा समुहले देहायको कागजात सहित अनुसूची-१ बमोजिमको ढाँचामा शाखामा निवेदन दिनु पर्नेछ ।

(क) सामुदायिक होम स्टे (घरबास)को हकमा कम्तीमा पाँचजना घरधनीले सामुहिक रूपमा आ–आफ्नो घरमा सञ्चालन गर्ने होम स्टे (घरबास) इकाई संख्या सहितको लिखित प्रतिवद्धता पत्र,

(ख) निजि होम स्टे (घरबास)को हकमा कम्तीमा कम्तीमा दुई वटा होम स्टे (घरबास) इकाई सहित पूर्वाधार पुर्ण रूपमा रहेको लिखित प्रतिवद्धता पत्र,

(ग) सम्बन्धित वडा कार्यालयको सिफारिस,

(घ) जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि वा पैतृक सम्पत्ति एकिन हुने प्रमाण वा मञ्जुरीनामा वा भाडामा लिएको भएमा सोको सम्झौताको प्रतिलिपि र शहरीक्षेत्र भित्र भएमा नक्शापास वा घर दर्ताको प्रतिलिपि,

(ङ) पर्यटन प्रवर्द्धन, होमस्टे तथा होटल व्यवस्थापन सम्बन्धी कुनै तालिम लिएको भए सोको प्रतिलिपि,

(च) होम स्टे (घरबास) सञ्चालकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।

(छ) प्रमुख केन्द्रबाट होमस्टे सम्म पुग्ने मार्ग तथा दुरी एवंम् होमस्टे इकाई रहेको चित्र,

(ज) बिजुली वा बैकल्पिक उर्जा, खानेपानी तथा सरसफाईको प्रवन्ध,

(झ) होमस्टे सञ्चालनको उद्धेश्य, स्थानीय उत्पादन, स्थानीय वसोबास तथा सास्कृतिक विवरण हेर्न सकिने प्राकृतिक, धार्मिक तथा अन्य आकर्षण,

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भए पश्चात शाखा प्रमुखले नगरस्तरीय अनुगमन समिति संयोजकसँग समन्वयन गरी स्थानीय स्वास्थ्यकर्मी समेतको प्रतिनिधिले अनुगमन/निरीक्षण गरी अनुसूची-२ बमोजिमको मापदण्ड पूरा भए/नभएको निरीक्षण गरी कार्यालयमा प्रतिवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको निरीक्षणबाट अनुसूची-२ बमोजिमको मापदण्ड पूरा भएको प्रतिवेदन प्राप्त भएमा कार्यालयले प्रत्येक

होम स्टे (घरबास)लाई एकाइको रुपमा दर्ता गरी अनुसुची-३ बमोजिमको ढाँचामा होम स्टे (घरबास) दर्ता प्रमाणपत्र दिनेछ।

(४) मापदण्ड पूरा नगरेकाको हकमा आवश्यक सुधार गर्न समय दिइ पुनः स्थलगत निरीक्षण गर्नुपर्नेछ।

६. **<u>नगरपालिकामा दर्ता हुनु पर्ने</u>**: हाल सञ्चालित सङ्घीय सरकार वा प्रदेश सरकारका विभिन्न निकायमा दर्ता भएका वा दर्तानै नभई सञ्चालनमा रहेका होमस्टेहरु समेत यो कार्यविधि जारी भएको ३ महिना भित्रमा करचुक्ता र अन्य आवश्यक विवरण सहित नियम ५ बमोजिमको प्रकृया पुरा गरी कार्यालयमा दर्ता गर्नुपर्नेछ।

७. **<u>नवीकरण</u>**: (१) प्रत्येक होम स्टे (घरबास) देहाय बमोजिमको कागजात संलग्न गरी प्रत्येक तीन बर्षमा होम स्टे (घरबास) नबीकरणको लागि कार्यालयमा निवदेन दिनु पर्नेछ।

(क) विगत तीन वर्षको आय व्यय र होम स्टे (घरबास)ले प्रदान गरेको र पर्यटकहरुको लगत तथा विवरण।

(ख) सामुदायिक होम स्टे (घरबास)को हकमा होम स्टे (घरबास) व्यवस्थापन समितिको प्रतिवेदन।

(२) उपनियम (१) बमोजिम नवीकरणको लागि निवेदन पर्न आएमा अनुगमन समितिबाट सम्बद्ध होम स्टे (घरबास)को निरिक्षण गराई मापदण्ड पूरा भएकाको हकमा होमस्टको नवीकरण गर्नेछ र पूरा नभएका होम स्टे (घरबास)को नविकरण हुनेछैन।

८. **<u>होम स्टे दर्ता तथा नविकरण शुल्क</u>**: (१) होमस्टे दर्ता तथा नविकरण शुल्क देहाय बमोजिम हुनेछ;-

| क्र. सं. | घरबासको प्रकार | निवेदन शुल्क | दर्ता शुल्क | नविकरण शुल्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | सामुदायिक | २०० | १००० | ५०० | दर्ता र नविकरण शुल्क प्रति |
| २ | निजी | २०० | २००० | १००० | |
| ३ | समुदायको | ५०० | ५०० | २५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सिफारिसमा धर्म/मेला महोत्सवको आयोजनाको लगि अल्पकालिन | | | | घर इकाई लाग्नेछ। |

(२) नगरपालिकाले आर्थिक ऐन मार्फत होमस्टे दर्ता तथा नविकरण शुल्कमा हेरफेर गर्न सक्नेछ।

(३) होमस्टे प्रत्येक तीन-तीन वर्षमा नविकरण गर्नु पर्नेछ । नविकरण गर्दा नविकरण हुनु पर्ने आर्थिक वर्षको पुष मसान्त सम्म तोकिएकै दरमा नवीकरण हुनेछ त्यस पश्चात सोही आर्थिक वर्षको बाँकि महिनामा नवीकरण शुल्कको १० प्रतिशत, पहिलो वर्षको लागि १५ प्रतिशत, दोस्रो वर्षको लागि २५ प्रतिशत र तेस्रो वर्ष वा सो भन्दा माथि शत प्रतिशत जरिवाना लाग्नेछ।

## परिच्छेद-४
## सञ्चालन तथा व्यवस्थापन समिति, काम कर्तव्य र जिम्मेवारी

९. **होम स्टे (घरबास) सञ्चालन तथा व्यवस्थापन समितिः** (१) सामुदायिक होम स्टे (घरबास) सञ्चालन गर्न चाहने सञ्चालकहरुले साधारण भेला गरी देहाय बमोजिमको होम स्टे (घरबास) सञ्चालन तथा व्यवस्थापन समिति गठन गर्नुपर्नेछ,-

(क) समुदायका सदस्यहरुबाट एक जना
(ख) समुदायका सदस्यहरुबाट एक जना
(ग) समुदायका सदस्यहरुबाट एक जना
(घ) समुदायका सदस्यहरुबाट महिला सदस्य
(ङ) समुदायका सदस्यहरुबाट एक जना सदस्य

(२) होम स्टे (घरबास)मा सहभागी हुने घर संख्याको आधारमा समावेशी हुने गरी समुदायले थप ६ जनासम्म सदस्यको चयन गर्न सक्नेछ।

(३) व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,-

(क) पर्यटकीय क्रियाकलापहरु र पर्यटनहरुले पालना गर्नुपर्ने आचारसंहिताको बारेमा जानकारी गराउने।

(ख) आगन्तुक/पर्यटकहरुको स्वागत तथा पाहुनाको आवास व्यवस्था मिलाउने,

(ग) पर्यटकको दर्ता तथा अभिलेख राख्ने व्यवस्था गर्ने,

(घ) सुरक्षा निकायसँग समन्वय गरी पर्यटक सुरक्षाको ब्यवस्था गर्ने,

(ङ) आयव्ययको श्रेस्ता व्यवस्थित र दुरुस्त राख्ने,

(च) प्रत्येक होम स्टे (घरबास)को नियमित अनुगमन गर्ने,

(छ) स्थानीय भ्रमण प्याकेजहरुको निर्माण र प्रचार प्रसार गर्ने,

(ज) स्थानिय वातावरण, परम्परा, शैली तथा संस्कृतिको संरक्षण गर्ने,

(झ) सांस्कृतिक कार्यक्रमहरुको प्रदर्शन/व्यवस्थापन गर्ने,

(ञ) पर्यटकहरुको स्वास्थ्योपचार र अन्य आकस्मिक सेवाहरुको व्यवस्थापन र समन्वय गर्ने,

(ट) होम स्टे (घरबास)को साइनेज तथा लोकेसन म्याप तयार गर्ने,

(ठ) पर्यटक आवास गृहमा उपलब्ध हुने सुविधा तथा मेनु/मुल्य निर्धारणमा एकरुपता कायम गर्ने,

(ङ) प्रत्येक आर्थिक बर्ष समाप्त भएको पैतीस दिन भित्र पर्यटक संख्या, प्रमुख क्रियाकलाप आय तथा व्यय देखिने वार्षिक प्रतिवेदन कार्यालयमा पठाउने,

(ढ) होम स्टे (घरबास)को विकास, पवद्र्धन तथा व्यवस्थापनका लागि अन्य आवश्यक कार्यहरु गर्ने ।

(ण) नगरपालिका र होमस्टे व्यवस्थापन, प्रवर्द्धनसँग सम्बन्धित निकायहरुमा नियमित रूपमा समन्वयमा रहेने,

(त) अनुसूची-४ बमोजिमको आगन्तुक आचारसंहिता पर्यटकहरुले देख्ने स्थानमा राख्न लगाउने,

(थ) होम स्टे (घरबास) विकास प्रवर्द्धन तथा व्यवस्थापनका लागि अन्य आवश्यक कार्यहरु गर्ने,

१०.**<u>होमस्टे (घरबास) सञ्चालकहरुको </u>कर्तव्यः** नियम ५ बमोजिम होमस्टे दर्ता गर्ने होमस्टे सञ्चालकको कर्तव्य तथा जिम्मेवारी देहाय बमोजिम हुनेछ;-

(क) आगन्तुक पुस्तिका अभिलेख व्यवस्थित गरी राख्ने,

(ख) पर्यटकको स्वास्थ्य स्थितिको पूर्व जानकारी लिई सोही बमोजिमको खानपानको व्यवस्था गर्ने,

(ग) सामुदायिक होमस्टेको लागि सकभर कम्तिमा एक सामुदायिक भवन वा हलको व्यवस्था गर्ने,

(घ) हरेक वर्ष लेखा परीक्षण गराउने र पर्यटकको तथ्याङ्क ब्यवस्थित गरी राख्ने,

(ङ) प्रत्येक वर्ष नियमानुसार कर चुक्ता गर्ने,

(च) होमस्टेमा आउने पर्यटकलाई सम्भव भएसम्म प्राकृतिक चिकित्सा लगायत अन्य मनोरन्जनात्मक गतिविधिहरु संचालन गरी बसाईका दिन लम्ब्याउन पहल गर्ने ।

**११. <u>होमस्टे (घरबास) अनुगमन/निरीक्षण</u>:** (१) कार्यालयको नगरस्तरीय योजना अनुगमन समितले होम स्टे (घरबास) अनुगमन तथा निरीक्षण गर्नेछ।

(२) उपनियम (१) बमोजिमको अनुगमन समितिमा सम्बन्धित वडाको वडा अध्यक्ष र शाखा प्रमुखलाई आमन्त्रण गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको अनुगमन समितिले होमस्टे दर्ता सिफारिस, होमस्टे सञ्चालन अनुमति नविकरण सिफारिस गर्दा र अन्य समयमा आवश्यकता अनुसार प्रत्येक होम स्टे (घरबास)को मापदण्ड बमोजिम रहे/नरहेको अनुगमन तथा निरीक्षण गर्नेछ।

(४) उपनियम (३) बमोजिमको निरिक्षणका क्रममा तोकिएको मापदण्ड पूरा गर्ने होम स्टे (घरबास)लाई दर्ता वा नवीकरणका लागि कार्यालयमा प्रतिवेदन गर्नु पर्नेछ।

(४) अनुगमनको क्रममा मापदण्ड पूरा नगर्ने होम स्टे (घरबास)लाई मनासिव माफिकको म्याद दिई मापदण्ड पूरा गर्न लगाउनु पर्नेछ।

(५) उपनियम (२) बमोजिमको म्यादभित्र पनि मापदण्ड कायम गर्न नसकेका होम स्टे (घरबास)लाई निलम्वन वा खारेज गर्न कार्यालयलाई सिफारिस गर्नुपर्नेछ।

## परिच्छेद-५
## विविध

**१२. <u>प्रचार प्रसार तथा बजारीकरण</u>:** (१) व्यवस्थापन समितिले होम स्टे (घरबास)को होर्डिङ्ग बोर्ड, साइनबोर्ड, ब्रोसियर, पोष्टर, सिडी जस्ता प्रचार प्रसारका सामग्रीहरुको उत्पादन, वेभसाइट, पत्रपत्रिका, रेडियो, टेलिभिजन, उत्सव, मेला, महोत्सवमा सहभागिता जस्ता गतिविधिहरू सञ्चालन गरि आफ्नो प्रचार प्रसार तथा वजारीकरण गर्नु पर्नेछ।

(२) गैरआवासीय नेपालीसँगको सहकार्य, टुर अपरेटर तथा पत्रकारहरुलाई परिचयात्मक भ्रमण, भ्रमण प्याकेजको निर्माण तथा विक्री, सद्भभाव दुत नियुक्ति, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीसँग सहकार्य प्रवर्द्धन गरी होमस्टेको प्रचार प्रसार गर्नु पर्नेछ।

(३) नियम १ र २ बमोजिमका कार्य सञ्चालन गर्न समितिले कार्यालयमा उपलब्ध वार्षिक कार्यक्रम र बजेट बमोजिम सहायता वा कार्यक्रम प्रस्ताब पेश गर्न सक्नेछ।

**१३.** प्रशिद्ध धार्मिक तिर्थस्थलमा दर्शनकोलागि आउने दर्शनार्थी तथा तिर्थालुहरुको वसोवास र खानपीनको वन्दोवस्त मिलाउन होम स्टे (घरबास) सञ्चालनको लागि स्थानीय समूदाय समेतको सहभागीमा अनुरोध भएमा यस कार्यविधिको अन्य व्यवस्थाहरुको अधिनमा रही सञ्चालन अनुमती दिन सकिनेछ।

**१४.** होम स्टे (घरबास)मा ट्राभल एजेन्सी मार्फत आउने पर्यटकको वीमा गराउने जिम्मेवारी सम्बन्धित ट्राभल एजेन्सीको हुनेछ। व्यक्तिगत रुपमा आउने पर्यटकको हकमा विमा गर्ने जिम्मेवारी सम्बन्धित पर्यटकको नै हुनेछ।

**१५.** होम स्टे (घरबास) सञ्चालन गर्ने सञ्चालकले प्रचलित नेपाल कानून बमोजिम नेपाल राष्ट्र बैङ्कको पूर्व स्वीकृति लिएर मात्र विदेशी मुद्राको कारोवार गर्नु पर्नेछ।

**१६.** होम स्टे (घरबास) सञ्चालन सम्बन्धी आधारभूत तालिम नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रशिक्षण प्रतिष्ठान लगायत अन्य स्वीकृत प्राप्त तालिम केन्द्रहरुबाट लिने प्रवन्ध मिलाउनु पर्नेछ।

## अनुसूची-१
### (नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

### होम स्टे (घरबास) दर्ताका लागि दिइने निवेदन

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
कालिका नगरपालिका, कालिका, चितवन ।

हामीहरुले जिल्ला ......................... गा.वि.स./न.पा. ................... वडा नं. ......... टोल/गाउँ .....................मा सञ्चालन गर्न लागेको .................................. होम स्टे (घरबास)लाई होम स्टे (घरबास) सञ्चालन कार्यविधि, २०६७ बमोजिम सामुदायिक/निजी होम स्टे (घरबास)को रुपमा दर्ता गरी पाउन निवेदन गर्दछु /गर्दछौ । होम स्टे (घरबास) सञ्चालन तथा व्यवस्थापन नियम, २०७९ को अधिनमा रही आफ्नो होम स्टे (घरबास) सञ्चालन गर्नेछौं ।

**संलग्न कागजातः**

१. होम स्टे (घरबास) सञ्चालन गर्ने निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपिहरु
२. होम स्टे (घरबास) सञ्चालन गर्ने प्रत्येक घरधनीको जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि
३. प्रत्येक घरधनीले होम स्टे (घरबास) सञ्चालन गर्न मञ्जुर गरेको कागजात सहित होम स्टे (घरबास) व्यवस्थापन समितिको निर्णयको प्रतिलिपी
४. व्यवस्थापन समिति गठन तथा दर्ता गर्नेसम्बन्धी स्थानीय भेलाको निर्णय
५. निजी होम स्टे (घरबास)को हकमा सम्बन्धित स्थानिय निकायको सिफारिस
६. आधारभूत प्रशिक्षण लिएको भए सोको प्रमाणपत्रको प्रतिलिपि होम स्टे (घरबास) यूनिटहरु

(दर्ता हुने व्यक्तिहरुको विवरण)

| क्र.सं. | सञ्चालकको नामथर | ठेगाना | क्र.सं. | सञ्चालकको नामथर | ठेगाना | मोबाइल नं. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नोटः सामुदायिक होम स्टे (घरबास)को हकमा होम स्टे (घरबास) व्यवस्थापन समितिको अध्यक्ष वा अधिकार दिएको व्यवस्थापन समितिको सदस्यले निवेदन दिनु पर्ने छ।

निवेदक,

नामथरः

ठेगानाः

मितिः

## अनुसूची-२
## (नियम ५ को उपनियम (२) सँग सम्बन्धित)

## <u>होम स्टे (घरबास) सञ्चालनका आधारभूत मापदण्ड</u>

१. **<u>होमस्टका लागि घर, कोठा र शैयाः</u>**

(क) प्रत्येक सामुदायिक होमस्टका लागि भिन्न भिन्न स्वामित्व भएका कम्तीमा ५ वटा घर (होम स्टे (घरबास) यूनिट) हुनु पर्नेछ ।

(ख) एकआपसमा सहज पहुँचका लागि बाटोको प्रबन्ध भएको, घरहरु मौलिक संस्कृती झल्कने र हावा हुरी, जंगली जनावर आदीबाट सुरक्षित हुनु पर्ने, खुला, हिलो तथा धुलोरहित सफासुग्घर हुनुपर्नेछ ।

(ग) होमस्टमा पाहुनाका लागि कम्तीमा एउटा अलग्गै कोठा हुनुपर्नेछ ।

(घ) होम स्टे (घरबास)सञ्चालन गर्ने एक घरमा बढीमा ४ कोठा पर्यटकका लागि छुट्याउन सकिनेछ ।

(ङ) एउटा कोठमा बढीमा २ वटामात्र ओछ्यान रहनुपर्ने छ । ओछ्यान कम्तीमा ६.५ फिट लम्बाई र ३ फिट चौडाईको हुनुपर्नेछ ।

(च) भुईमा कार्पेट वा राडी वा सफा गुन्द्री ओछ्याएको हुनुपर्नेछ ।

(छ) ढोकामा खुट्टा पुछ्ने बोरा वा डोरम्याट भएको हुनुपर्नेछ ।

(ज) नरम खालको सेतो तन्ना भएको र सेतै खोल भएका ओढ्नेको व्यवस्था हुनुपर्नेछ ।

(झ) भित्तामा वा ढोकाको पछाडीपट्टि लुगा झुण्ड्याउने व्यवस्था भएको हुनुपर्नेछ ।

(ञ) कोठामा विजुली बत्ती वा लाल्टिन वा मैन वा टुकी पानस वाल्ने व्यवस्था हुनुपर्नेछ ।

(ट) सुत्ने कोठामा धुवाँ आउन नहुने ।

(ठ) सुत्ने कोठामा राम्रा राम्रा दृश्य र स्थानीय संस्कृति झल्कने तस्विरहरु भएमा राम्रो हुने ।

(ड) फोहोर फाल्ने एउटा टोकरी (डस्टवीन) को व्यवस्था हुनुपर्नेछ।

(ढ) सम्भव भएसम्म प्रत्येक पाहुनाका लागि १ जोर चप्पल (स्लीपर) को व्यवस्था हुनुपर्नेछ।

(ण) सम्भव भएसम्म भित्तामा एउटा अर्धकद (आधा शरिर) देखिने ठूलो ऐना झुण्डाएको हुनुपर्नेछ।

(त) सम्भव भएसम्म सुत्ने कोठामा चिया टेवल राख्नु राम्रो हुने।

(थ) सम्भव भएसम्म सुत्ने कोठामा २ वटा कुर्सी राख्नु राम्रो हुने।

## २. <u>शौचालय र स्नान घर:</u>

(क) प्रत्येक घरबास इकाईमा सुविधायुक्त र सफा शौचालय हुनु पर्नेछ।

(ख) होम स्टे (घरबास) सञ्चालन गर्ने घर वा समुदायमा नुहाउने प्रवन्ध (छुटै वा एटेच बाथरुम वा कम्तीमा छेकिएर नुहाउन सकिने सुविधायुक्त ठाउँ हुनु पर्नेछ।

(ग) स्नानगारमा पानीको बाल्टी, मग, सावुन, रुमाल आदि आधारभूत वस्तुहरु हुनु पर्नेछ।

## ३. <u>भान्छा कोठा र खाना खाने व्यवस्था:</u>

(क) पाहुना राख्ने घर/कोठा नजिक गाई भैसी अथवा भेडाबाख्रा, सुगुँर, कुखुरा आदि वाध्न वा पाल्न नहुने।

(ख) धेरै धुवाँ नहुने भान्सा (उन्नत वा सुधारिएको चुलो भएको।

(ग) नीको सुविधा मिलाउनुपर्ने र खानेपानी फिल्टर गरेर वा उमालेरमात्र दिने।

(घ) स्थानीय खानाका परिकारहरुलाई स्वास्थ्कर ढंगले पकाउने र खुवाउने प्रवन्ध हुनुपर्ने।

(ङ) नेपालीहरुलाई राम्रोसँग पलेटी कसेर वसेर खान मिल्ने ठाउँ हुनुपर्ने।

(च) विदेशीलाई सानो डाइनिङ्ग टेवलको पनि प्रवन्ध भए राम्रो हुने।

(छ) खानपीन विवरण तथा मूल्य निर्धारण गरिएको (मेनु) राखेको हुनुपर्ने छ।

४. **<u>स्वास्थ्य, सरसफाई तथा सुरक्षाः</u>**

(क) मुसा, लामखुट्‌टे, उडुस, उपियाँ आदिबाट सुरक्षित हुनु पर्ने, दुर्गन्ध वा गाई भैसीको गोठबाट टाढा हुनु पर्ने, सामुदायिक रुपमा प्राथमिक उपचारको व्यवस्था हुनु पर्ने, खुला नाली र ढल हुन नहुने ।

(ख) वातावरण मैत्री पर्यटन क्रियाकलाप, पर्यटकीय सम्पदाहरुको संरक्षण, सार्वजनिक शौचालयको व्यवस्था, बृक्षरोपण।

**अनुसूची-३**
**(नियम ५ को उपनियम (३) सँग सम्बन्धित)**

कालिका नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन

प्रमाणपत्र संख्याः.......

## होम स्टे (घरबास) सञ्चालन अनुमति पत्र ।

........................................................ लाई कालिका नगरपालिकाको होम स्टे (घरबास) सञ्चालन तथा व्यवस्थापन नियम, २०७९ को नियम ....बमोजिम सामुदायिक / निजि होम स्टे (घरबास)का रुपमा दर्ता / नवीकरण गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

१) सदस्यको नामः

२) ठेगानाः

३. मान्य अवधिः

**जारी गर्ने अधिकारी**

**HOME STAY OPERATION CERTIFICATE**

.......................................................................... home stay is registered/renewed as a community / private home stay under Kalika Municipal Home stay operation and management rule, 2079, Rule no…. B.S.

1. Name of the owner:
2. Address of the owner :
3. Valid up to .......................

**Issuing Officer**

**शर्तहरु**

क. व्यवस्थापन समितिसँग समन्वय गरी पर्यटकहरुलाई बसोबासको व्यवस्था गर्नुपर्ने छ।

ख. चलन चल्तीको वा निर्धारित मूल्यभन्दा बढी मूल्य लिनु हुदैन।

ग. स्थानीय समाजिक सांस्कृतिक वातावरणलाई असर पर्ने खालका क्रियाकलापहरु गर्नु गराउनु हुदैन।

घ. यो प्रमाणपत्र तथा अनुसूची-४ बमोजिमको आचारसंहिता सबैले देख्ने स्थानमा राख्नु पर्नेछ।

ङ. व्यवस्थापन समितिसँग समन्वय गरी प्रत्येक वर्ष प्रतिवेदन बुझाउनु पर्नेछ।

च. व्यवस्थापन समितिसँग समन्वय गरी प्रत्येक वर्ष प्रतिवेदन बुझाउनु पर्नेछ

छ. यो प्रमाणपत्र प्रत्येक ५।५ वर्षमा नवीकरण गराउनु पर्नेछ।

## अनुसूची-४
### (नियम ९ को उपनियम (३) को बुँदा (त) सँग सम्बन्धित)

# आगन्तुक आचारसंहिता
# Code of Conduct for the Visitors

*घरबासमा पाल्नुहुने पाहुनबाट देहायको बुँदा मनन गरिदिनुहुनेछ ।*
*The home stay visitors are expected to abide the following points:*

१. होमस्टे (घरबास)मा उपलब्ध हुन नसक्ने/नभएका सेवा सुविधा, खाद्यपदार्थ र पेय पदार्थ नमाग्नुस।
Do not pressure the owner for food, beverage and facilities not available at home stay.

२. घरबास इकाईमा बस्ने र अन्य व्यक्तिहरूलाई बाधा/ब्यवधान नपुऱ्याउनुहोस ।
Do not disturb people at home or outside.

३. आफ्नो दिन/मिलाउन सक्ने क्षमता भन्दा धेरै प्रतिवद्धता/आश्वासन नदिनुहोस ।
Do not offer anything to the people beyond one's capacity.

४. स्थानीय सामाजिक/संस्कृतिक मुल्य मान्यता प्रतिकुलका कार्यहरू नगर्नुहोस।
Beware of doing any behavior (such as sexual activities), which is impermissible to the local socio-cultural values.

५. स्थानीय संस्कार र संस्कृतिको सम्मान गर्नुहोस । स्थानीय संस्कार प्रतिकुलको पहिरन नलगाउनुहोस ।

Respect to the rites and rituals of the local people. Wear such clothes that are permissible to the community.

६. घरधनी वा अन्य व्यक्तिलाई अनैतिक र गैह्रकानूनी कार्यगर्न नउक्साउनुहोस । घरबासले तोकेको घरभित्र आउने र जाने समयको सम्मान गर्नुहोस ।

Do not impress the owner or use or other people for doing immoral or illegal activities. Respect to the household routine for entrance and exit.

७. लागुऔषध तथा नशालु बस्तु तथा औषधीको प्रयोग तथा आपुर्ती कडा रूपमा निशेष गरिएको छ ।

Supply and use of narcotics or any forms of psychotropic drugs at home or outside is strictly prohibited.

८. घरबास क्षेत्रको जैविक विविधता र पारिस्थिक प्रणालीको सम्मान गर्नुहोस ।

Respect to the bio-diversity and ecology of the environment.

**........................ होमस्टे(घरबास)**

**........................ Homestay**

आज्ञाले,
केशव प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत